म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१७ अङ्क:- १०० २०८२ फागुन १६ गते शनिबार 28 February 2026, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-

**तनाव व्यवस्थापनका तरिका**

- नियमित रुपमा ध्यान, योग र व्यायाम गरौं ।
- परिवार र आफ्नो विश्वासिलो साथीसँग खुलेर कुरा गरौं ।
- पर्याप्त निन्द्रा र आराम गरौं ।
- स्वस्थ र सन्तुलित खाना खाने गरौं ।
- आफ्नो रुचिका गतिविधिमा संलग्त हुने गरौं ।
- काम र विश्रामबीचको सन्तुलन राख्ने गरौं ।

तनाव व्यवस्थापन गरौं, स्वस्थ जीवन बाँचौ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## भोट बैंक सिमलटार

# जहाँ हरेक चुनावमा लालपुर्जाको आश्वासन बाँडिन्छ



*हेटौंडा-११, सिमलटारबस्ती ।*

समाज संवाददाता

हेटौंडा : हेटौंडा बजार क्षेत्रबाट ३ किलोमिटर पश्चिममा आवस्थित सिमलटारका भूमिहिन सुकुम्बासीहरुलाई हरेक चुनावमा जग्गाधनी पूर्जाको आश्वासन प्राप्त हुन्छ । चुनावै पिच्छे दल र उम्मेदवारहरुले जग्गधानी पूर्जा (लालपूर्जा) उपलब्ध गराउने आश्वासन दिन्छन् । चुनाव आउँछ जान्छ तर, उनीहरुको हातमा न लालपुर्जा हुन्छ, न नै बसिरहेको थात्थलोको भोगाधिकार ।

बागमती प्रदेशको राजधानी हेटौंडा उपमहानगरपालिका वडा नम्बर-११, सिमलटार, सबैभन्दा धेरै घरधुरी भएको ठूलो टोल विकास संस्था हो । जहाँ २ हजार ३०० बढी घरधुरी छन् । तर, यहाँका बासिन्दाले आफुले चर्चेको जग्गाको लालपुर्जा छैन । उनीहरुको यो समस्या अहिलेको होइन । बर्सौदेखि यो समस्या भोग्दै आएका उनीहरुको समस्या समाधान उन्मुख देखिँदैन ।

वास्तवमा सिमलटारमा पक्की सडक, खानेपानी, बिजुली र ढल निकासको व्यवस्था पुगेको छ । तर लालपुर्जा नहुँदा यहाँका स्थानीयले घर धितो राखेर ऋण लिन नसक्ने, कानुनी असुरक्षा महसुस गर्ने र भविष्य अन्योलमा रहने अवस्था छ । बागमती प्रदेशको राजधानीको मुटुमै रहेको सिमलटारका बासिन्दा तीन दशकदेखिको लालपुर्जाको पर्खाइमा छन् । हरेक चुनावमा दल तथा उम्मेदवारहरुलाई उनीहरुको एउटै प्रश्न रहन्छ 'हामी बसेको ठाउँको लालपुर्जा कहिले पाउँछौं ?'

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा उम्मेदवारहरु मत माग्दै टोल-टोल पुगिरहेका छन् । तर सिमलटारमा भने मत माग्न पुग्ने हरेक उम्मेदवारलाई स्थानीयले सुरुमै प्रश्न गर्छन् 'हाम्रो लालपुर्जा खोइ ?' २०५२ साल पुस ६ गते विभिन्न स्थानबाट आएका १ हजार ७०० परिवारले छाप्रो हालेर बसोबास सुरु गरेको सिमलटार बस्ती अहिले २ हजार ३०० भन्दा बढी घरधुरीको आवास क्षेत्र बनेको छ । एउटै टोलमा यति ठूलो जनसंख्या रहेकाले यस क्षेत्रलाई मकवानपुर क्षेत्र नम्बर २ को 'भोट बैंक'का रुपमा हेरिन्छ ।

चार वटा निर्वाचन पार गरिसकेका स्थानीयले यसअघि पनि धेरै घोषणापत्र सुने र पढे । तर उनीहरुको माग भने कहिल्यै फेरिएन, जग्गाधनी प्रमाणपुर्जा (लालपुर्जा) । स्थानीय रामबहादुर थिङका अनुसार हरेक चुनावमा लालपुर्जाको आश्वासन दिएर आउँछन्, गर्छु भन्छन् । तर, काम कहिलै नहुने गरेको उनको गुनासो छ । उम्मेद्वाहरुले चुनावको बेलामा लालपुर्जा दिनेगरी काम गर्छौ भने पनि नतिजा भने प्राप्त हुन नसकेको उनको भनाई छ ।

'हरेक चुनावमा उम्मेदवारहरुबाट हामीले नै गर्ने हो । जिताएर पठाउनुस काम भइहाल्छ भनेर आश्वासन मात्रै दिन्छन् । तर चुनाव सकिएपछि कसैले फर्केर हेर्दैन । अब त स्पष्ट कार्ययोजना चाहियो', उनले भने, 'जसले लालपुर्जा दिने ग्यारेन्टी वा आधार प्रस्तुत गर्छ उसैलाई भोट दिन्छौ । ४ वटा चुनावमा जो पनि हामी गर्छौ भन्छन् । भोट लिन्छन्, जान्छन् । लालपुर्जा आउने छाँट छैन ।' स्थानीय लक्ष्मी विश्वकर्माका अनुसार सिमलटारमा बसेको ३० वर्ष भयो । विकासका पूर्वाधार बन्यो तर, जग्गा आफ्नो नाममा आउने अवस्था नबनेको उनको भनाई छ । 'हामी कहिलेसम्म सुकुम्बासी हुने हो ? ३० वर्ष भयो यहाँ बसेको । बाटो आयो, बिजुली आयो, पानी आयो । तर जग्गाको लालपुर्जा आएन । अब लालपुर्जा दिनेलाई भोट दिने हो ।' उनले भनिन् ।

यसपटक सिमलटार टोल विकास संस्था र राष्ट्रिय भूमि अधिकार मञ्च नेपालले टोलमा आउने उम्मेदवार तथा दलका नेताहरुलाई भेटेरै ध्यानाकर्षण पत्र बुझाइरहेका छन् । 'किन लालपुर्जा पाएनौं? कहिले पाउँछौं ?' भन्ने प्रश्न अब चुनावी एजेन्डामै सीमित नराख्ने उनीहरुको भनाइ छ । सिमलटारका स्थानीय बासिन्दासमेत रहेका राष्ट्रिय भूमिअधिकार मञ्च नेपाल, हेटौंडाका नगर अध्यक्ष गोविन्दप्रसाद न्यौपानेले यसपटक प्रतिनिधिसभा निर्वाचनको मौका पारेर उम्मेदवारहरुसँग प्रतिवद्धता मागेको बताए । उनका अनुसार अहिलेसम्म कांग्रेसका क्षेत्र नम्बर २ का उम्मेदवार बुद्ध लामा, एमालेका महेश्वर बर्तौला, राप्रपाका रामबहादुर थोकर, नेकपाका लवशेर विष्ट, प्रलोपाका सन्तोष विष्ट लगायतले लालपुर्जा प्राप्तिका लागि पहल गर्ने प्रतिवद्धता व्यक्त गरेका छन् ।

यस्तै क्षेत्र नम्बर-१ का कांग्रेसकी उम्मेदवार महालक्ष्मी उपाध्याय डीना, एमालेका रामेश्वर राना, नेकपाका विजय गौतम, राप्रपाका दिपकबहादुर सिंहलगायत अन्य दलका उम्मेद्वारहरुले पनि भूमिहीनको समस्या समाधानलाई आफ्नो प्राथमिकतामा रहेको बताएका छन् । उनीहरुले लालपुर्जा वितरण प्रक्रिया छिटो र पारदर्शीढंगले अघि बढाउने प्रतिबद्धता जनाएका छन् । मकवानपुरका दुई निर्वाचन क्षेत्रमा यसपटक ४४ जना उम्मेदवार प्रतिस्पर्धामा छन् । तर सिमलटारमा भने चुनावी बहस विकासका अरु एजेन्डाभन्दा लालपुर्जामै केन्द्रित छ । २०५२ सालदेखि सुरु भएको यो बस्ती अहिले क्षेत्र नम्बर २ को निर्णायक मतदाता समूह बनेको छ ।

वर्षौंदेखि भोगचलन गरिरहेको जग्गाको औपचारिक स्वामित्व नहुँदा कानुनी तथा आर्थिक असुरक्षा भोगिरहेका स्थानीयले निर्वाचनलाई हतियार बनाएर दवाव बढाउन थालेपछि सिमलटार आइपुगेका उम्मेदवारहरुले जग्गाधनी लालपुर्जा प्राप्तिमा देखिएको समस्या समाधानका लागि आफ्नो कार्ययोजना र प्रतिवद्धता नै सार्वजनिक गर्न थालेका छन् । यसले लामो समयदेखि उठ्दै आएको विषयलाई संस्थागत समाधानतर्फ लैजान दबाब सिर्जना गरेको स्थानीयको विश्वास छ ।

सिमलटार टोल विकास संस्थाका अध्यक्ष देवकृष्ण थोकरका अनुसार बफर जोन, आरक्ष र वन क्षेत्रसँग जोडिएका कानुनी जटिलताका कारण प्रक्रिया अघि बढ्न नसकेको हो । तर, यहाँबाट निर्वाचित भएर जाने सांसदले पहल गर्ने हो भने कानुन संशोधन गरेर भएपनि आफूहरुको माग सम्बोधन गर्न सकिने उनको भनाई छ । 'कानुन संशोधन गरेर भए पनि यहाँ बसिरहेका परिवारलाई व्यवस्थापन गर्नुपर्छ । यहाँबाट जितेर जाने सांसदले संसदमा हाम्रो बिषय जोडदार ढंगबाट उठाउनु पर्‍यो ।' उनले भने ।

यता भूमि समस्या समाधान आयोग मकवानपुरका विज्ञ सदस्य अर्जुन चौलागाईंका अनुसार आयोगमा सिमलटार क्षेत्रका २७-२८ सय फाइल दर्ता भएका छन् । तीमध्ये करिब ११०० भूमिहीन दलित र सुकुम्बासीका फाइल छन् । वडाबाट करिब ६०० फाइल प्रमाणीकरण भइसकेको उनको भनाइ छ । 'जग्गाको नापजाँच सकिएको छ । लालपुर्जा वितरण प्रक्रियागत चरणमा छ । वडा र नगर पालिकाबीच समन्वय अभाव हुँदा प्रक्रिया ढिला भएको हो । तर, अब सिमलटार बासिले चाँडै जग्गाधनी लालपुर्जा पाउछन् ।' उनले भने ।

# ३ महिनापछि भेटिए टेरिसा र सुदर्शन





समाज संवाददाता

हेटौंडा : ३ महिनाअघिदेखि सम्पर्कविहिन बनेकी टेरिसा राई र सुदर्शन राईलाई प्रहरीले भेटेको छ । प्रहरीले टेरिसा र सुदर्शनलाई ललितपुर जिल्लाको धापाखेलबाट शुक्रबार साँझ नियन्त्रणमा लिएको जनाएको छ । लामो समय प्रहरी र परिवारसँग सम्पर्कविहिन भएकी टेरिसा र सुदर्शनलाई भेट्टाउन अन्ततः प्रहरी सफल भएको हो ।

हेटौंडा-१० स्थित सोलिड्यारिटी इन्टरनेशन एकेडेमीमा कक्षा-९ मा अध्ययनरत १३ वर्षीया टेरिसा गत मंसिर २१ गते साँझ ५ बजेको समयमा आफ्नै फुपुको छोरा २९ वर्षीय सुदर्शनको साथमा हिँडेपछि दुबै जना सम्पर्कविहिन थिए । प्रहरीले सुरुवातदेखि नै खोजीको प्रयास गरे पनि उनीहरुलाई खोजी गर्न सकेको थिएन । एक साताअघि टेरिसाले प्रयोग गरेको नयाँ मोबाइल नम्बर प्राप्त गरेपछि प्रहरीले उनीहरुलाई नियन्त्रणमा लिन सफल भएको हो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक श्यामबहादुर खत्रीका अनुसार ४ दिनको प्रयासपछि टेरिसा र सुदर्शनलाई नियन्त्रणमा लिन सफल भएको हो । मकवानपुर प्रहरीको अनुसन्धान टोलीले टेरिसा र सुदर्शनलाई मोबाइल फोन मार्फत उनीहरु भएको स्थान पहिचान गरेपछि ललितपुर प्रहरीको सहयोगमा शुक्रबार नियन्त्रणमा लिन सफल भएको हो । प्रहरीले दुबैजनालाई मकवानपुर ल्याउने तयारी गरेको छ ।

प्रहरीले कुरियर सेवा सञ्चालकको रुपमा टेरिसासँग सम्पर्क गरी सामान पुर्‍याउन जाने बहानामा सादा पोशाकका प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ । यस्तै सुदर्शनलाई पनि प्रहरीले नियन्त्रणमा लिएको जनाएको छ । मंसिर २१ गते साँझ विद्यालयबाट घर फर्कने क्रममा टेरिसा सम्पर्कविहिन भएपछि अभिभावकले प्रहरीमा उजुरी दिएका थिए । प्रहरीले अनुसन्धानका क्रममा टेरिसा फुपुको छोरासँग गएको भन्ने यकिन गरे पनि टेरिसा र सुदर्शनलाई नियन्त्रणमा लिन सकेको थिएन । सुदर्शन लागूऔषध दूर्व्यसन समेत भएको तथ्य सार्वजनिक भएपछि टेरिसाका परिवार चिन्तित थिए ।

टेरिसाको खोजीका लागि अधिकारवादी संघ, संस्थाले पनि पहल गरेको थियो । सञ्चार माध्यममा पनि प्रहरी प्रशासनको आलोचना भइरहेको थियो ।

# मकवानपुरमा आचारसंहिता उलङ्घनका घटना बढ्दै

समाज संवाददाता

हेटौंडाः निर्वाचनको मिति नजिकिँदै गर्दा मकवानपुरमा निर्वाचन आचारसंहिता उलङ्घनका घटना बढ्दै जान थालेका छन् । शुक्रबार मुख्य निर्वाचन अधिकृतको कार्यालयको आयोजनामा राजनीतिक दलका प्रतिनिधिहरुसहित सर्वपक्षीय बैठक बस्दै आचारसंहिता अनुगमन समितिले उलङ्घनका घटनाबारे स्पष्ट पारेको हो ।

बैठकलाई सम्बोधन गर्दै सहायक प्रमुख जिल्ला अधिकारी मोहनराज जोशीले हालसम्म समितिमा २ वटा लिखित उजुरी र सामाजिक सञ्जालमार्फत ७ वटा उजुरीहरु परेको जानकारी दिनुभयो । आचारसंहिता अनुगमन समितिले २ वटा लिखित उजुरी तथा सामाजिक सञ्जाल फेसबुक, म्यासेन्जर, हवाट्सएपमार्फत ७ वटा उजुरीहरु परेको जनाएको छ ।

अधिकांश उजुरीहरु दलका उम्मेदवारको चिन्ह र पोष्टर अंकित भएका भेष्ट, टिसर्ट, क्याप, ब्याग प्रयोग गरेको विषयमा परेको पनि सहायक प्रमुख जिल्ला अधिकारी जोशीले बताउनुभयो । यस्तै, निर्वाचन आयोगको अनुमति प्राप्त सवारी साधनभन्दा बाहेकका अटोलगायतका सवारी साधनमा दल तथा उम्मेदवारको पोष्टर लगाइएको पाइएको समेत उहाँले बताउनुभयो ।

यसबाहेक विद्यालयमा राजनीतिक क्रियाकलाप सञ्चालन गरेको, स्थानीय जनप्रतिनिधिहरु आफ्नो पालिका बाहिर मात्र प्रचारप्रसारमा जान पाउने भएपनि आफ्नै पालिकाभित्र प्रचारप्रसारमा सक्रिय भएको पाइएको, आचारसंहिताले तोकेको स्थानभन्दा अन्यत्र झण्डा तथा पोष्टर राखेको, स्थानीय तहका सरकारी सवारी साधनसमेत दलको पक्ष तथा विपक्षमा माइकिङ गर्दै प्रयोग गरिएकोजस्ता गुनासाहरु तथा उजुरीहरु समितिमा आइपुगेको उहाँले स्पष्ट पार्नुभयो । उहाँले यस्ता सामग्रीहरु प्रयोग गर्न पूर्णरुपमा निषेध गरिएको भन्दै निर्वाचनसम्म यस्ता कार्यहरु गरेको पाइएमा निर्वाचन कसुर तथा सजाय ऐनअनुसार कारबाही गरिनेसमेत चेतावनी दिनुभयो । दलको चिन्ह, झण्डा, उम्मेदवारहरुको पोष्टर अंकित टिसर्ट तथा भेष्टहरु बिक्री गरिरहेका ९ जनालाई शुक्रबार नै हेटौंडाबाट नियन्त्रणमा लिइएको समेत उहाँले जानकारी दिनुभयो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी वसन्त अधिकारीले निर्वाचनको अन्तिम तयारी भइसकेको जानकारी दिनुभयो । निर्वाचनका लागि आवश्यक कर्मचारी, सुरक्षाकर्मी, मतदान सामग्री सबै अन्तिम व्यवस्थापन टुङ्ग्याइएको समेत उहाँले बताउनुभयो । उहाँले विकृति नै संस्कृति बन्ने परिपाटीले सच्चिन असहज हुने बताउँदै निर्वाचनमा सबै पक्ष तथा नागरिकहरु सचेत हुनुपर्ने बताउनुभयो । उहाँले निर्वाचनको मुखमा फागुपूर्णिमा पर्ने भएकोले यो चाडलाई सकारात्मक रुपले व्यवस्थापन गर्नुपर्ने चुनौती आफूहरुलाई थपिएको बताउनुभयो ।

मुख्य निर्वाचन अधिकृत गीता श्रेष्ठको सभाध्यक्षतामा भएको कार्यक्रममा निर्वाचन अधिकृत देवेन्द्रराज आचार्य, बागमती प्रदेश निर्वाचन कार्यालयका प्रमुख निर्वाचन अधिकारी हरिप्रसाद ढकाल, सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक जनक पुरी, प्रहरी वरिष्ठ उपरीक्षक प्रभुप्रसाद ढकाल, जिल्लास्थित राजनीतिक दलका र स्वतन्त्र उम्मेदवारका प्रतिनिधिलगायत सञ्चारकर्मीहरुको सहभागिता थियो ।

# फागुपूर्णिमामा भिडभाड गरेर खेल्न नपाइने

जिल्ला प्रशासन कार्यालय मकवानपुरले फागुन १८ गते परेको फागुपूर्णिमामा भिडभाड नगरी सभ्य तवरले मनाउन आग्रह गरेको छ । फागुपूर्णिमा मनाउने सम्बन्धमा शुक्रबार जिल्ला सुरक्षा समितिद्वारा सूचना जारी गर्दै फागुन २१ गते सम्पन्न हुने प्रतिनिधिसभा सदस्य निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयरहीत र विश्वसनीय रूपमा सम्पन्न गर्ने वातावरण निर्माण गर्न फागुलाई तडकभडक तबरले नमनाउन आग्रह गरेको हो ।

सूचनामा निर्वाचन आचारसंहिता लागू भइरहेकोले निर्वाचन आचारसंहिताको उल्लंघन नहुने गरी होली पर्व मनाउन सम्बन्धित सबैमा जिल्ला सुरक्षा समितिले आग्रह गरेको छ । हेटौंडास्थित संगमचोक, बुद्धचोक, सीमाचोक, स्कूलरोड, पारिजातपथ र हुप्रचौरलगायत जिल्लाका अन्य स्थानहरुमा समेत विगतमा जस्तो भिडभाड हुने गरी होली उत्सव कार्यक्रम नगर्न प्रशासनले आग्रह गरेको छ । हेटौंडालगायत जिल्लाका बजार क्षेत्रमा रहेका साउण्ड सिस्टम व्यवसायीहरुलाई समेत फागुका कार्यक्रमका लागि भाडामा नदिन आग्रह गरेको छ ।

अनुशासितरूपमा होली पर्व मनाउनेसम्बन्धी सार्वजनिक सन्देशमूलक सूचनाहरु विभिन्न सञ्चार माध्यमबाट प्रसारण गर्न आग्रह गरिएको छ । यस्तै, होलीका दिनमा रेष्टुरेण्टमा मदिरा, हुक्कालगायतका पदार्थ बिक्री वितरण तथा सेवन नगर्न तथा नगराउनसमेत अनुरोध गरिएको छ । प्रशासन कार्यालयले होली पर्वको नाममा औपचारिक तथा अनौपचारिक संस्था वा निकायले कार्यक्रम आयोजना गर्न नपाइने र होली पर्व मनाउँदा सकभर घरपरिवारमा आफ्नै कम्पाउण्डभित्र मात्र होली मनाउने र होली खेल्ने कार्य फागुन १८ गते बेलुका ५बजे उप्रान्त नगर्नसमेत आग्रह गरिएको छ ।

यस्तै, होलीका दिनमा कुनै पनि दल वा उम्मेदवार विशेषको पक्षमा नाराबाजी तथा प्रचार सामग्री प्रयोग नगर्न, होलीका नाममा कुनै पनि व्यक्ति तथा संस्थालाई ओद्योगिक प्रतिष्ठानलगायतले सहयोग तथा चन्दा नदिन र निर्वाचन आचारसंहिताको पूर्ण पालना एवम् कार्यान्वयनका लागि जिल्लास्थित स्थानीय तहहरूले होली पर्व मनाउने सन्दर्भमा कार्यक्रमहरू आयोजनाका लागि सार्वजनिक स्थान उपलब्ध नगराउनसमेत सूचनामा उल्लेख गरिएको छ ।

# स्वतन्त्रता र नागरिक अधिकारको पक्षमा ‘सिद्धिचरण श्रेष्ठ’

## (पुस्तक समीक्षा)



रजनी पौडेल


वि.सं. १९९७ साल कार्तिक २ गते बिहानै काठमाडौं ‘झोछेँ’, पुरानो दफ्तरस्थित घरबाट पक्राउ परेका सिद्धिचरण श्रेष्ठले जेलमा बिताएका ३६ वटा संस्मरणहरूलाई सङ्कलन गरेर पुस्तककारको रुप दिने काम सरुभक्तले गरेका छन् । राणाविरोधी आन्दोलनमा साहित्य सृजना र युवा चेतना फैलाउने क्रममा पक्राउ परेका उनले जेलमा बिताएका पाँच वर्षको अवधिका भोगाइहरूलाई यस पुस्तकमा प्रस्तुत गरेका छन् ।

वि.सं. १९९७ सालको काण्ड, चार शहीदको बहादुरी, शहादत र व्यक्तित्वको चर्चा गर्दै जेलमा रहँदा आफ्ना बुबाको देहवसानमा काजकिरिया गर्न पनि नदिइएको मार्मिक ऐतिहासिक प्रसङ्गले पुस्तकलाई अझै पठनीय बनाएको छ ।

वि.सं. १९९७ साल नेपालको इतिहासमा अत्यन्त अन्धकारमय तर परिवर्तनको बीउ रोपिएको वर्षका रूपमा चिनिन्छ । त्यस समय देशमा राणा शासनको निरंकुश सत्ता थियो, जहाँ सम्पूर्ण अधिकार राणाहरूको हातमा केन्द्रित थियो र जनतासँग कुनै राजनीतिक अधिकार थिएन । बोल्ने, लेख्ने, सभा गर्ने वा शासनको आलोचना गर्ने स्वतन्त्रता पूर्ण रूपमा प्रतिबन्धित थियो । जनतामाथि कडा निगरानी राखिन्थ्यो र सानो विरोधलाई पनि राज्यद्रोह मानिन्थ्यो ।

राणाहरूले शासन टिकाइराख्न डर, दमन र क्रूरताको सहारा लिएका थिए । करको भार, जबर्जस्ती श्रम (झारा), गरिबी र अशिक्षाले जनता पीडित थिए । सामान्य जनताले न्याय पाउने कुनै व्यवस्था थिएन । शासक वर्ग विलासितामा बस्थ्यो भने जनता भोक, अभाव र अत्याचार सहन बाध्य थिए । देशभित्र राजनीतिक चेतना फैलिन नदिन पत्रपत्रिका, शिक्षा र संगठनमाथि पनि नियन्त्रण गरिएको थियो ।

यही दमनकारी परिस्थितिमा केही देशभक्त युवाहरूले जनअधिकार र स्वतन्त्रताका लागि आवाज उठाउन थाले । उनीहरूले प्रजातन्त्र, मानवअधिकार




र समानताको माग गरे । यस आन्दोलनलाई निर्ममतापूर्वक दबाउन राणाहरूले पक्राउ, यातना र मृत्युदण्डसम्म दिए । वि.सं. १९९७ सालमा चार जना वीर देशभक्तलाई फाँसी दिइयो, जसलाई ‘चार सहिद’ भनेर सम्मान गरिन्छ ।

पहिला सहिद हुन् शुक्रराज शास्त्री । उनले जनतालाई सचेत बनाउन भाषण दिएका कारण पक्राउ परे र मृत्युदण्ड दिइयो । दोस्रो सहिद धर्मभक्त माथेमा हुन्, जसले जनतामा राष्ट्रिय चेतना फैलाउने काम गरेका थिए । उनलाई पनि निर्दयी रूपमा फाँसी दिइयो । तेस्रो सहिद दशरथ चन्द थिए, जसले राणा शासनको विरोधमा सक्रिय भूमिका खेलेका थिए । चौथो सहिद गंगालाल श्रेष्ठ हुन्, जो युवावस्थामै प्रजातन्त्रका लागि लडे र अन्ततः गोली हानी हत्या गरियो ।

यी चारै जनाको बलिदानले नेपाली जनताको मनमा स्वतन्त्रताको चाहना अझ प्रबल बनायो । राणाहरूले उनीहरूलाई मारेर आन्दोलन समाप्त हुन्छ भन्ने सोचे, तर उल्टै जनचेतना फैलियो । देशभरि राणा शासनविरुद्ध असन्तोष बढ्दै गयो र अन्ततः यही चेतनाले २००७ सालको प्रजातान्त्रिक परिवर्तनको आधार तयार गर्‍यो ।

यसरी वि.सं. १९९७ साल राणाहरूको क्रूरता र जनताको साहसको प्रतीक बनेको छ । चार सहिदहरूको बलिदान नेपाली इतिहासमा अमर छ । ती वीर सपुतहरु को सङ्गतमा रहँदा अझ भनौं उनीहरुसँगै जेल जीवन व्यतित गर्दाका भोगाइहरुलाई कवि सिद्धिचरणले कठोर जेल जीवनको फिर्तिपश्चात जीवनको उत्तरार्धमा संस्मरण लेखेको पाइन्छ ।

सिद्धिचरण श्रेष्ठलाई राणाशासनविरुद्ध लेखेको क्रान्तिकारी कविता र विचारका कारण पक्राउ गरी जेल हालिएको थियो । उनले जेलमा अत्यन्त कठोर र अमानवीय अवस्थाहरू भोग्नुपरेको थियो । मुख्य घटनाहरू यस प्रकार छन्:

**१) राजनीतिक कारणले पक्राउ** : राणाशासनको विरोध गर्ने देशभक्तिपूर्ण र क्रान्तिकारी कविता लेखेका कारण उनलाई राज्यद्रोही ठहर गरियो । स्वतन्त्रता, जनअधिकार र परिवर्तनका पक्षमा उभिएका कारण जेल सजाय दिइयो ।

**२) कठोर जेल जीवन** : जेलमा सानो, अँध्यारो र हावा नछिर्ने कोठामा राखियो । खाना अत्यन्त कम र गुणस्तर हीन हुन्थ्यो । स्वास्थ्य बिग्रँदा पनि उचित उपचार पाइँदैनथ्यो ।

**३) शारीरिक र मानसिक यातना** : कैदीहरूलाई कडा निगरानीमा राखिन्थ्यो । अपमान, डर र दबाबको वातावरण सिर्जना गरिन्थ्यो । परिवारसँग भेटघाट पनि सीमित थियो ।

**४) सृजनात्मक संघर्ष** : कठोर अवस्थाका बाबजुद उनले लेखन छोडेनन् । जेलमै बसेर उनले देशप्रेम र जनचेतना जगाउने कविता रचना गरे । दुःख, पीडा र आशालाई साहित्यमा रूपान्तरण गरे ।

**५) जेल अनुभवको प्रभाव** : जेल जीवनले उनको व्यक्तित्व झन् दृढ बनायो । उनका साहित्यमा स्वतन्त्रताको तीव्र चाहना, विद्रोह र मानवता झन् प्रबल रूपमा देखा पर्‍यो ।

सिद्धिचरण श्रेष्ठको जेल जीवन अत्यन्त कष्टकर भए पनि उनले त्यसलाई सृजनात्मक शक्तिमा रूपान्तरण गरे । उनका जेल अनुभवले नेपाली साहित्यमा क्रान्तिकारी चेतना जगाउन ठूलो योगदान पुर्‍यायो ।

राणाकालीन शासनमा जनताको अवस्था अत्यन्त दयनीय थियो । नागरिक स्वतन्त्रता, शिक्षा, अभिव्यक्ति र राजनीतिक अधिकार सबै खोसिएका थिए । यस्तो दमनकारी परिस्थितिमा पनि जनता चुप बसेनन् । देशभक्त युवाहरू र बुद्धिजीवीहरूले अन्यायको विरोध गर्दै जनचेतना फैलाए । उनीहरूले जेल, यातना र मृत्युसम्मको सामना गर्दै स्वतन्त्रता र प्रजातन्त्रका लागि आवाज उठाए । शुक्रराज शास्त्री, दशरथ चन्द जस्ता सहिदहरूको बलिदानले जनआन्दोलनलाई अझ सशक्त बनायो ।

वर्तमान समयमा भने नेपालमा राजनीतिक स्वतन्त्रता भए पनि धेरै युवाहरूमा निराशा देखिन्छ । बेरोजगारी, भ्रष्टाचार, अवसरको अभाव र विदेश पलायनको प्रवृत्तिले उनीहरूमा भविष्यप्रतिको विश्वास कमजोर बनाएको छ । अहिलेको विरोध सडक आन्दोलनभन्दा बढी सामाजिक सञ्जालमा असन्तोष व्यक्त गर्ने रूपमा देखिन्छ ।

दुवै अवस्थाको तुलना गर्दा, राणाकालमा अधिकार नहुँदा पनि आशा र संघर्षको भावना बलियो थियो भने आज अधिकार हुँदाहुँदै पनि अवसरको कमीले निराशा बढेको छ । त्यसैले वर्तमान युवाले इतिहासबाट प्रेरणा लिएर सकारात्मक परिवर्तनका लागि सक्रिय हुन आवश्यक छ ।

देशका लागि बलिदान दिने शहीदहरूले आफ्नो व्यक्तिगत सुख, परिवार र जीवनसमेत त्यागेर राष्ट्रको स्वतन्त्रता, अधिकार र सम्मानको रक्षा गरेका थिए । उनीहरूबाट अहिलेका युवा पुस्ताले सबैभन्दा पहिले देशप्रेम सिक्नुपर्छ । देशभन्दा माथि कुनै व्यक्तिगत स्वार्थ हुँदैन भन्ने भावना उनीहरूको जीवनबाट स्पष्ट हुन्छ । दोस्रो, त्याग र समर्पणको पाठ हो । ठूलो परिवर्तन सजिलै आउँदैन; त्यसका लागि धैर्य, मिहिनेत र बलिदान आवश्यक हुन्छ ।

तेस्रो, युवाले साहस र अडान सिक्नुपर्छ । अन्याय, भ्रष्टाचार वा गलत कुराविरुद्ध डराएर चुप बस्नु हुँदैन । शहीदहरूले शक्तिशाली शासकका विरुद्ध पनि सत्यको पक्ष लिए । चौथो, एकता र सहकार्यको महत्व हो । सामूहिक प्रयासले मात्र देश परिवर्तन सम्भव हुन्छ । पाँचौं, कर्तव्यबोध र जिम्मेवारी पनि महत्वपूर्ण पाठ हो । देश विकास सरकारको मात्र होइन, नागरिकको पनि दायित्व हो ।

आजका युवाहरूले निराश नभई शहीदहरूको आदर्शलाई व्यवहारमा उतार्न सके देशको भविष्य उज्ज्वल बन्न सक्छ । उनीहरूको बलिदान केवल इतिहास होइन, वर्तमान र भविष्यका लागि मार्गदर्शन हो । त्यसैले शहीदहरूबाट प्रेरणा लिएर इमानदार, परिश्रमी र जिम्मेवार नागरिक बन्नु नै साँचो श्रद्धाञ्जली हुनेछ ।

तत्कालीन समाजको अशिक्षा, शासकहरूको क्रुरता, समाज परिवर्तनका लागि भइरहेका क्रान्तिका बाछिटाहरुलाई प्रस्तुत गर्ने युगकवि सिद्धिचरणको यस संस्मरणले नयाँ पुस्तालाई इतिहास पढ्न, देश बुझ्न र देशका लागि लड्न अभिप्रेरित गरेको पाइन्छ ।

# आगो लागेको घर



श्यामप्रसाद श्रेष्ठ

## लघुकथा

आगो...आगो ! गुहार... गुहार !

घरभित्र चिच्याहटको प्रतिध्वनि गुञ्जिरहेको थियो ।

एउटै आँगन, एउटै छानो तर मनहरू भने टुक्राटुक्रामा विभाजित । परिवारकै दाजुभाइमध्ये कोही आफ्नै हातले घरमा आगो सल्काइरहेका थिए, कोही त्यही आगो निभाउन हतारिँदै पानी खोजिरहेका थिए । परिवारका सदस्यहरू दुई अलग अलग जमातमा बाँडिएर आमनेसामने उभिएका थिए ।

एउटा कोठामा भने केही सदस्यहरू मौन साधेर बसिरहेका थिए ,न बोल्ने, न हल्लिने ।

आगोले भित्ताहरू चाट्दै गयो । धुवाँले आकाश ढाक्दै गयो । करुण चिच्याहट, आरोप प्रत्यारोप र भागदौडबीच दुवै पक्षका सदस्यहरू पालैपालो त्यो मौन कोठाको ढोकासम्म पुगे ।

‘हजुरहरू विद्वान हुनुहुन्छ’, एक पक्षले विनयपूर्वक भन्यो, ‘कोठाबाट बाहिर निस्केर हाम्रो साथ दिनुस् ।’

अर्को पक्षले पनि आग्रह दोहोर्‍यायो, ‘हजुरहरू यो घरका सर्वमान्य बुद्धिमान हुनुहुन्छ । सत्यको पक्षमा उभिनुस् ।’

अनुनय, बिनय, आग्रह सबै प्रयास निरर्थक भए ।

भित्रबाट कुनै आवाज आएन ।

आगो अझै फैलिँदै गयो । लप्केर छानो चुम्न थाल्यो । भित्ताहरू क्रमशः खरानीमा परिणत हुन थाले । जब ज्वालाले घरको अस्तित्व नै निल्न थालेको देखियो, तब मात्र त्यो कोठाको ढोका बिस्तारै खुल्यो ।

भित्र बसेका सदस्यहरु बाहिर निस्किए ।

आँखा अगाडि बलिरहेको आफ्नै घरलाई नियाल्दै उनीहरूले संयुक्त स्वरमा भने, ‘तिमीहरूले दुवै पक्षले गुथेर हाम्रो शिरमा गुथिदिएको ‘विद्वानको पगेरी’ हामी कुनै एक पक्षको समर्थन गरेर घटाउन चाहँदैनौं ।

हामी तटस्थ नै रहन्छौं ।

त्यति भनिसकेपछि उनीहरू फेरि मौन भए ।

तर आगो मौन भएन ।

ज्वालाले सम्पूर्ण घर खरानीमा परिणत गरिदियो । धुवाँको मुस्लोमाझ उभिएका दुवै पक्षका सदस्यहरू पीडाले चिच्याउँदै भने, ‘घरमा आगो लागेको बेला आगो निभाउन प्रयोग नभएको जो सुकै होस, जतिसुकै विद्वान होस् त्यसको बुद्धि बेकार छ ।

आजदेखि तिमीहरू विद्वान होइन महामूर्ख हौ !’

*बागमती प्रदेश, हेटौंडा*

# 'आमा



निशा कुमारी साह

आमा हामीलाई जन्म दिने जन्मदाता हुन् । आमालाई जननी, माता, महतारी पनि भनिन्छ । आमा भन्ने शब्द मानवदेखि जनावरसम्मलाई उत्तिकै प्रिय लाग्ने शब्द हो । बालक जन्मिएपछि जब उसको तोते बोली फुट्छ । सर्वप्रथम उसले उच्चारण गर्ने शब्द आमा नै हो । आमा सबैका लागि प्यारी हुन्छिन् ।

आमा आफ्ना सन्तानलाई धेरै माया गर्छिन् । आमाले नै हामीलाई यस संसारमा उतारेकी हुन् । हिँड्न लायक बनाएकी हुन् । अनि राम्रो काम गर्न सिकाएकी हुन् । आमा ममताकी खानी हुन् । उनीभित्र माया, दयाको असीम भण्डार हुन्छ ।

उनी सधैं आफ्ना सन्तानको हित चिताउँछिन् । आफ्ना सन्तानको सफलतालाई आफ्नो सफलता ठान्छिन् । आफ्ना सन्तान पढ्न जान्ने, बुझ्ने होउन्, ठूलो मान्छे बनून्, उनीहरुलाई कसैले नहेपोस्, उनीहरुको चारैतिर नाम फैलियोस्, आमा आफ्ना सन्तानप्रति यस्तै इच्छा राख्छिन् । आमा पशुपन्छीका लागि पनि प्यारी हुन्छिन् । गाइले आफ्ना बाच्छाबाच्छी चाटी-चाटी माया गर्छ । कसैले छुन खोजे हान्न खोज्छ । बाँदरले आफ्नो बच्चालाई बोकेर हिँडेको हुन्छ । त्यसैले आमा सबैको महान हुन्छिन् ।

*कक्षा-४, ज्ञानदा मावि, हेटौंडा-१०*

# मैले नचिनेको म



ज्ञानुका थापा

ऐना हेर्दा देखिने अनुहार मात्र म होइन
बाहिर सुनिने अरुको कुरा मात्र म होइन ।
म त त्यो हुँ जो अझै प्रस्फुटित हुन बाँकी छ
म भित्रै एउटा विशाल संसार चिनिन बाँकी छ ।

धेरै हिँडे अरुलाई चिन्न र बुझ्न भनी
कहिले हारमा रोएँ त कहिलो पत्थर बनी
तर मेरो मनभित्र एउटा अदम्य साहसको खानी छ
हार नमान्ने सधैं अघि बढ्ने बानी छ ।

पखेटा फिँजाएर उड्न खोज्ने चरी जस्तै
सगरमाथा झैं अडिग र अटल पहाड जस्तै
‘मैले नचिनेको म’ सँग अब मित्रता गाँस्नुछ
अँध्यारोलाई चिरेर आफ्नो उज्यालोमा हाँस्नु छ ।

अल्झिएका याद र भत्किएका सामान त्याग्नु छ
ब्युँझिएर अब आफैं नयाँ गन्तव्य ताक्नु छ
भेटिनेछ पक्कै त्यो म जो शिखरमा पुग्नेछ
जसको पाइलाले एकदिन यो धर्ती चुम्नेछ ।

नयाँ किरण, नयाँ जोश, नयाँ उमंग बोकेर
हिँड्नेछु अब म बाधाका पर्खाल फोरेर
पहिचान आफैं खोज्दै आफैंभित्र हराउनेछ
मैले नचिनेको म बनेर फेरि मुस्कुराउनेछु ।

बाहिर खोजेर भेटिने त्यो जो मेरै हृदयमा छ
आशाको दियो बनेर मेरै हरेक निर्णयमा छ
अञ्जान छु आफैंसँग तर अब चिन्नुछ मलाई
मैले नचिनेको मसँगै जिउनु छ मलाई ।

हेटौंडा-४, हुप्रचौर

## गाउँखाने कथा

१. लेकमाथि को हो को हो, फेदीमा झिमझिम ।
- आँखा र परेला

२. लेखिएको छ दुवै पट्टि किताब त्यो होइन, डुल्छ फेरि जहाँतहाँ खुट्टा भने छैन ।
- सिक्का

३. सय भाइको एउटै चिहान ।
- खरानी

४. वारी कुकुर भुक्यो, पारी पुच्छर लुक्यो ।
- बन्दुक हानेको

५. सबेरै उनी शिरमा आरी घोप्ट्याउँने ऐना हेरी मिल्याउने ।
- टोपी लगाएको

# आशा र जीवनको यात्रा



सुप्रिया श्रेष्ठ

बिहानी घामसँगै सपना बिउँझिन्छ
निलो आकाशले आशा बोकेर आउँछ
हावाको गीतमा मन रमाउँदै जान्छ
नयाँ दिनले जीवनलाई अर्थ दिन्छ ।


पहाडका छायाँमा पसिना बग्छ
मिहिनेतको बाटो कहिल्यै थाक्दैन
हिम्मत भए भाग्य पनि हार्दैन
अल्छी भए आशा पूरा हुँदैन ।

आजको पसिनाले
भोलिको दिनमा सहयोग गर्छ
साँचो मन र सिधा बाटो लिएर
मान्छेले आफूलाई नै चिनाउँछ

*कक्षा-६, नवोदय शिशु सदन हेटौंडा-४*

## बुधबारे बालसाहित्य

**यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।**



**सम्पादक**

# सानो गल्ती



**हिमान्शु हुमागाईं**

बाइक चलाउँदा कारमा पऱ्यो
कारको बम्पर त्यहीँ गयो
कार चालकले पछ्याउन थाल्यो
गाडी त ८० को स्पिडमा पुग्यो ।

कारका चालक रक्सी खाँदै
कारसँग ८० प्लसमा जाँदै
रक्सीले गर्दा ध्यान भट्क्यो
त्यस कारण घटना घट्यो ।

साइडका स्कुटर चालक पनि परे
अभ्रै बाइक र चालक बारीमै झरे
गाडी पल्ट्यो मान्छेभित्र अड्किए
बल्ल बल्ल मानिस चाहिँ निस्के ।

सानो गल्ती रक्सीले बढायो
बाइक त बारीमै हरायो
राति केही देखिएन
रगतको दाग बाटैबाट मेटिएन ।

मानिस आए तर सहयोग भएन
स्कुटर चालकको हालतै देखेनन्
पछि आउनु भयो मेरो बाबा
अस्पताल लग्न केही थिएन त्यहाँ ।

*कक्षा-६, नवोदय शिशु सदन*
*हेटौँडा-४*

# रंगले जोडेको मन



**सुमन राय**

फागु आयो हाँसो बोकेर,
रंगले सजियो धर्ती आज,
खुशीका गीत गुञ्जिए चारैतिर,
मेटियो मनको पुरानो लाज ।

रातो अबिर प्रेमको चिनो,
हरियो आशाको नयाँ बाटो,
निलो आकाश जस्तै सपना लिएर,
सबै अघि बढ्ने अठोट ।

मित्रहरू सँगै हाँस्दै खेल्दै,
रंग लगाउँछन् मायाले,
दुश्मनी र रिस बिर्सेर,
मन जोडिन्छ एकछिनमै ।

होलीले सिकाउँछ हामीलाई,
मिलेर बस्न संसारमा,
माया र सम्मान फैलाऔं,
हरेक घर र परिवारमा ।

आऔं आज प्रतिज्ञा गरौं,
रंग जस्तै मन पनि सफा बनाऔं,
खुशी र सद्भावको,
सन्देश लिएर सुन्दर समाज निर्माण गरौं ।

रङको जादू,
पानीको खेल,
साथीको माथि रङ पर्थ्यो बेल ।

म कालो भएँ,
उसले रातो लगायो,
भाइ ! मुहार यस्तो भयो-नानी जस्तो हरायो !

पानी खस्दा पाखुरो भिज्यो,
कपालमा रङ,
अनुहारमा हाँसो सिज्यो ।
अनि मिठो पकौडा र हलुवा खाने बेला,
होलीको त्यो मज्जा,
ओहो ! मस्त फेला ।

रङ र हाँसोको संगम यस्तो छ,
सबै मिलेर खेल्दा जीवन रोशन छ,
होली आयो,
धुलो र पानी छायो,
साथीभाइ र मस्ती सँगै हराउँछ माया ।

*कक्ष-११ (विज्ञान संकाय)*
*मकवानपुर बहमुखी क्याम्पस, हेटौँडा-२*

# My Lovely Family



**Kritika humagai**

My lovely family, my heart's safe place,
A world of warmth I can never replace.
In every smile, in every care,
I find pure love waiting there.

Through stormy days and shining light,
You hold my hands and make things right.
When I am weak, you make me strong,
With gentle words and sweet love songs.

Home is not walls, nor roof above,
Home is your laughter, your endless love.
In simple meals and talks at night,
You turn my darkness into light.

Mother's prayers, so soft and deep,
Father's promises he always keeps.
Siblings' jokes and little fights,
Turn into memories, warm and bright.

In your arms, I feel no fear,
Because I know you're always near.
No treasure shines as bright as you,
No bond so pure, so strong, so true.

If life takes me far away someday,
My heart will never truly stray.
For in my soul, forever will be,
My lovely family — my destiny.

# गजल



**एवाइ प्रभात**

मेरो मनको हर्ताकर्ता मेरो जिन्दगानी
तिमी नै हौ यो राजाको बन्ने प्यारी रानी ।

रूप छ तिम्रो फूल जस्तै सुन्दर कोमल
साँच्चै मनपर्छ मलाई तिम्रो आनीबानी ।

कहिलेकाहीँ रिसा हुँदै गाली पनि गर्छौ
सताएको हुँ मैले तिमीलाई जानीजानी ।

जब तिमीले रिसाउँदै घुर्क्याउँदै हेर्छेउ
फकाउँन मज्जा लाग्छ मेरो छेउ तानी ।

हृदयमा टाँस्छु जब अँगालोमा बाँध्छु
झुकाउँछौ नजर दुई लाज मानी मानी ।

तिमी मेरी सुनाखरी लजावती फूल हौ
तिमी नै हौ यो नवुको नौलो राजधानी ।

*बेलबारी-२, नवदेव मार्ग, लालभित्ती, मोरङ*

# गजल



**एवाइ प्रभात**

रातभरि यादको उज्यालो, जलेन किन ।
मनमा मनको आगो, अझैं बलेन किन ।

भीडमा हाँस्दा पनि त, एक्लो लाग्छ मन,
आफ्नो छायाँले साथ, दिँदा चलेन किन ।

देशको नाममा धेरै, कसम खाइयो जब,
सपना भने बाटोमै, फेरि फलेन किन ।

मायाका शब्दहरु धेर, सुनिए हजारौं,
एउटा साँचो स्पर्शले, मन छलेन किन ।

समयले घाउहरू, धेरै निको पार्यो,
तिम्रो स्मृतिले चाहिँ, घाउ ढलेन किन ।

*धनकुटा*

# साताको राशिफल

**पं. ज्यो. तोयानाथ सुवेदी**
सम्पर्क : ९७४५०२८५५५



**मेष राशि** : व्यवहारिक र सामाजिक जिम्मेवारी थपिने छ । साथीको काममा समय बित्ला । दिमागी सक्रियता बढ्ला । मित्रवर्गबाट सहयोग प्राप्त । पेशा र कार्यक्षेत्रबाट लाभ होला । व्यापार–व्यवसाय मध्यमकारक देखिन्छ । रोकिएको काम बन्नेछ । धार्मिक र सामाजिक काममा दौडधूप बढ्ला । राजनीतिमा त्यति मन नजाला ।

**वृष राशि**ः धन सम्पत्ति र सुखसुविधा जुटाउन प्रयास होला । माया गर्ने र भावना बुझ्ने व्यक्तिबाट लाभ होला । भेटघाट र रामरमाइलोमा समय बित्ला । मान इज्जत र प्रतिष्ठा बढ्ला । व्यापार–व्यवसाय मध्यमकारक देखिन्छ । आयको नयाँ स्रोत फेला पर्ला । पदासीन व्यक्तिसँग सामीप्यता बढ्ला । धार्मिक यात्रा योग छ ।

**मिथुन राशि**ः परीक्षाको घडी भएकाले समस्या र चुनौतिसँग पछि नहट्दा रामो । रिस र आवेग रोक्दा राम्रो रहन्छ । संयमताका साथ अगाडि बढ्दा राम्रो । उत्साह र उमङ्गको कमी हुने छैन । आत्मबल र हिम्मतले काम गर्नुपर्ला । व्यापार–व्यवसाय मध्यमकारक देखिन्छ । मानसिक उल्झन आउन सक्छ । पढाई–लेखाई मध्यम छ ।

**कर्कट राशि**ः धन सुरक्षामा ध्यान दिनु पर्ला । परोपकारका क्षेत्रमा काम गर्न मन लाग्ला । आर्थिक कारोबारले गति लिन थाल्ला । परिश्रम र साहसले काममा पूर्णता होला । धार्मिक एवम् सामाजिक काममा मन जाला । आत्मसम्मानमा बिचार गर्नुपर्ला । व्यवहारमा सचेतना अपनाउँदा राम्रो । शिक्षा दीक्षामा मन जाला ।

**सिंह राशि**ः दीर्घकालिक लाभको विषयमा चिन्तन बढ्ला । मान–प्रतिष्ठा प्राप्त होला । व्यापार–व्यवसायबाट लाभ होला । राजनैतिक र सामाजिक क्षेत्रबाट सम्मान होला । लक्ष्यप्रति गम्भीर हुनुपर्ला । रोकिएका काम बन्ने र पदीय दायित्व बढ्ला । धार्मिक कृत्यमा मन जाला । अध्ययन–अध्यापन मध्यमकारक नै मान्नुपर्दछ ।

**कन्या राशि**ः आत्ममूल्यांकन गर्न अनुकूल समय छ । स्वास्थ्य समस्याले सताउने छ । हाँके/ताकेका कामहरु बन्नेछन् । परिश्रमको प्रतिफल राम्रै होला । कर्मक्षेत्रमा मिहिनेत गर्नुपर्ला । सामाजिक र धार्मिक एवम् राजनैतिक काममा मन जाला । बैदेशिक प्रयोजनका कामबाट लाभ होला । अध्ययन–अध्यापन मध्यम छ ।

**तुला राशि**ः कर्तव्य र स्वास्थ्यका बारेमा ध्यान केन्द्रित गर्नुपर्ला । मान र इज्जत जोगाउँनु पर्ला । अरुको काममा समय व्यतित होला । शिक्षा–दीक्षा मध्यम छ । सामाजिक एवम् धार्मिक अनि परोपकारजन्य काममा मन जाला । वैदेशिक प्रयोजनबाट लाभ होला । राजनैतिक वितृष्णा पैदा होला ।

**वृश्चिक राशि**ः स्वास्थ्य स्थिति कमजोर रहला । खानपानमा अरुची बढ्ला । व्यापार–व्यवसायमा चुनौती बढ्ला । आफन्तहरुले साथ दिने समय योग छ । अध्ययन–अध्यापन मध्यमकारक छ । मानसिक द्विविधा आइपर्न सक्ला । आफन्त र प्रियजनको क्रियाकलापले मन बिचलित नहोला भन्न सकिन्न ।

**धनु राशि**ः रोमाञ्चकता र उत्कृष्ठाले भरिपूर्ण समय छ । आनन्द र मस्तीमा र माइएला । भावुक र संवेदनशील बनिएला । आफ्नो रुचीको काम गर्न समय निकाल्नु पर्ला । पारिवारीक सहयोग प्राप्त होला । धार्मिक एवम् सामाजिक काममा मन जाला । लक्ष्यप्रति सचेत रहनु पर्ला । स्वास्थ्य समस्या बढ्ला ।

**मकर राशि**ः आत्मबल र हौँसलामा वृद्धि होला । हक र अधिकारका लागि कुरा उठाइएला । आफ्नै बलबुताले काम बन्नेछ । प्रतिस्पर्धामा विजय होला । ईर्ष्या गर्नेहरुसँग सजगता अपनाउँनु पर्ला । कार्यक्षेत्रमा खट्नु पर्ला । प्रतिद्वन्द्वीहरुले ठाउँ हेरेर बस्ने छन् । पढाई–लेखाई मध्यम मान्नुपर्दछ ।

**कुम्भ राशि**ः प्रेमजीवनलाई सार्थक तुल्याइएला । गोपनीय ढंगले गरेका कामहरुमा सफलता प्राप्त होला । पढाई–लेखाईमा प्रगति होला । बुद्धिको उपयोगले लक्ष्य प्राप्ति होला । रचनात्मक कार्यमा जुटिएला । स्वास्थ्य सबल रहला । ज्ञानको कमी रहने छैन । सम्झौँता र करारका काममा सफलता । धार्मिक एवम् परोपकारजन्य कामा सफलता ।

**मीन राशि**ः विषयवस्तुप्रति गम्भीर रहँदा राम्रो हुनेछ । मन स्थिर हुने छैन । पद प्रतिष्ठामा कमी नआउँला । दौडधूपमा समय बित्ला । शरीर अस्वस्थ भएपनि खट्नु पर्ला । चियोचर्या गर्नेसँग बच्दा राम्रो रहने छ । सामाजिक काममा रुची देखिदैंन । पढाई–लेखाई ठिकै छ । परीक्षामा सफलता होला ।


**हेटौँडा रिफरेन्स ल्याबरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

**हेटौँडा रिफरेन्स ल्याबरोटरी**

हेटौँडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७



**वास्तु किन चाहिन्छ ?**

**Scientific & Modern**
**तरिकाबाट वास्तु गर्न चाहनुहुन्छ ?**




❖ पन्चतत्व सन्तुलित राख्न,
❖ वास्तुदोषबाट हुने हानी/नोक्सानीबाट जोगिन,
❖ घर/जग्गाबाट लाभ/हानी थाहा पाउन,
❖ गृहस्थी जीवन सन्तुलन राख्न,

वास्तु घरको मेरुदण्ड हो, यसले पञ्चतत्व (अग्नी, आकास, जल, वायु र पृथ्वी) सन्तुलन गर्दछ ।

❖ वैदिक वास्तुमा आधारित रहेर Scientific & Modern Vastu गराउँदा, बनी सकेको घरको तोडफोड नगरिकन वास्तुदोष निवारण गर्न सकिन्छ ।

**तपाईको जन्म मिति र मोबाईल नम्बरबाट शुभ अंक निकाल्न र अंकको प्रभावबाट सकारात्मक परिवर्तन ल्याउन चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।**

**निशूल्क परामर्श**
❖ Mobile Numerology,
❖ Crystal Remedy

Contact :
Sanukajis Ghalan
9766120056
9824224095



PROFESSIONAL
BARISTA · BAR · SUSHI
TRAINING
Free Waiter Training in Every Course
Join the Italian Barista Bar Academy
Hetauda -04, School Road
Call: +977-9802944001 / 9822249969



ITALIAN BARISTA · BARISTA & BAR ACADEMY

# एमाले मकवानपुरको प्रतिबद्धतापत्र सार्वजनिक

समाज संवाददाता

हेटौँडाः नेकपा एमालेको तर्फबाट मकवानपुर क्षेत्र नं. १ का उम्मेदवार रामेश्वर रानाले नेकपा एमाले मकवानपुरको निर्वाचन प्रतिबद्धतापत्र सार्वजनिक गर्नुभएको छ। शुक्रबार पत्रकार सम्मेलन गर्दै रानाले निर्वाचन प्रतिबद्धतापत्र सार्वजनिक गर्नुभएको हो ।

जेनजी आन्दोलनपछि अभिभावकविहीन देखिएको मुलुकलाई संवैधानिक बाटोमा लैजान, राजकीय कानुनी प्रबन्ध गर्नु आफनो प्राथमिकतामा रहेको उम्मेदवार रानाले उल्लेख गर्नुभयो । उहाँले निर्वाचनबाट नयाँ जनादेश लिएर मुलुकमा देखिएको दण्डहीनताको अवस्था अन्त्य एमालेले गर्ने बताउनुभयो । राष्ट्रियता र भौगोलिक अखण्डताको रक्षाको निम्ति आफ्नो उम्मेदवारी रहेको उहाँले बताउनुभयो । रगतसँग साटेर ल्याएको संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा गर्ने जिम्मेवारी नेकपा एमालेको रहेकोमा उहाँले जोड दिनुभयो ।

जनताको हक सुरक्षित नगरी हेटौँडाको सडक विस्तार गर्न नहुने उहाँको धारणा छ। सञ्चारकर्मीको प्रश्नको जवाफ दिँदै उम्मेदवार रानाले राजमार्ग विस्तारका प्रभावितहरुलाई आवश्यक क्षतिपूर्ति र उचित व्यवस्थापन गरेरमात्र सडक विस्तार गर्नुपर्ने उल्लेख गर्नुभयो । सडकलाई यथास्थितिमा राख्न नहुनेमा पनि उहाँको जोड थियो । उम्मेदवार रानाले एमालेले सपनामात्र देखाउने नभई व्यवहारमा पनि काम गरेर देखाएको दाबी गर्नुभयो। उहाँले नेपालको भूमिलाई कसैले राजनीतिक खेलमैदान बनाउन पाइँदैन भन्ने मान्यता एमालेको रहेको बताउनुभयो।

प्रतिबद्धतापत्रमा वैदेशिक हस्तक्षेप अन्त्य गर्ने र राष्ट्रिय स्वाधिनताको रक्षा गर्ने, लोकतन्त्रको सुदृढीकरण गर्दै समाजवादतर्फ उन्मुख हुने, पूर्ण सुरक्षाको ग्यारेन्टी गर्ने उल्लेख गरिएको छ । प्रतिबद्धतापत्रमा कृषि क्षेत्र र कृषि उपजको बजार ग्यारेन्टी, पर्यटन क्षेत्रको विकास, सडक सञ्जाल बिकास, सुकुम्बासी, अव्यवस्थित बसोबास तथा बस्ती विकास, मदन भण्डारी स्वास्थ्य बिज्ञान प्रतिष्ठान तथा हेटौँडा अस्पताललाई सेवा बिस्तार र बिकास, युवा उद्यमशीलता, रोजगारी प्रर्बद्धन र दुर्व्यसनलाई न्यूनीकरण, अनौपचारिक क्षेत्रका उद्यमी र मजदुरको सुरक्षा गर्नेलगायतका विषयहरु उल्लेख गरिएको छ ।

यस्तै, मकवानपुरमा रोकिएका र अधुरा रहेका विकास निर्माणका कार्यहरु सम्पन्न गर्ने, युवाहरुमा सीपमूलक विकास गर्दै रोजगारीको सृजना गर्ने, कृषि क्षेत्रलाई निर्वाहमुखीबाट व्यावसायिकरुपमा विकास गरी खाद्यान्नमा आत्मनिर्भर बनाउन पहल गर्ने रानाको प्रतिबद्धता रहेको छ । क्षेत्र नम्बर १ बाट १३ राजनीतिक दलका उम्मेदवार र १० जना स्वतन्त्र गरी कुल २३ जनाको उम्मेदवारी परेको छ । प्रतिनिधिसभा निर्वाचन क्षेत्र नम्बर १ मा एक लाख ५८ हजार ४ सय ३५ मतदाता रहेका छन् ।

# मुक्तक मञ्च मकवानपुरको दोस्रो अधिवेशन आज

समाज संवाददाता

हेटौँडाः मुक्तक मञ्च मकवानपुरको चौथो वार्षिकोत्सव तथा दोस्रो अधिवेशन हाज शनिबार हुँदैछ। हेटौँडा-४ स्थित हेटौँडा क्याम्पसको सभाहलमा कार्यक्रम आयोजना हुन लागेको मञ्चले जनाएको छ ।

वार्षिकोत्सवको अवसरमा मुक्तक क्षेत्रमा योगदान पुऱ्याउने चार जना विशिष्ट मुक्तककारहरूलाई सम्मान गरिने भएको छ । मञ्चका अनुसार 'हरिकृष्ण काफ्ले मुक्तक सम्मान' बाट डा. मुरारि पराजुली, 'तारा स्मृति मुक्तक सम्मान' बाट सुनिल अधिकारी, 'बहादुरानन्द स्मृति मुक्तक सम्मान' बाट मदन नेपाल र 'इन्दिरादेवी स्मृति मुक्तक सम्मान' बाट अनिस न्यौपानेलाई सम्मानित गरिनेछ ।

वार्षिकोत्सवको अवसरमा मञ्चले आफ्नो ३१ औँ नियमित मुक्तक वाचन शृंखलासमेत सञ्चालन गर्नेछ। कार्यक्रममा 'नेपाली मुक्तक संरचना, परम्परा र प्रवृत्ति' विषयक विमर्श कार्यक्रमसमेत आयोजना गरिएको छ । उक्त विमर्श कार्यक्रममा डा. मुरारि पराजुली, डा. विश्वनाथ सञ्जेल र सुनिल अधिकारीले उल्लेखित शीर्षकमाथि छलफल गर्नुहुनेछ ।

# व्यवसायी हितकोषद्वारा मृतक परिवारलाई २ लाख सहयोग



सहयोग रकम हस्तान्तरण गरिँदै ।

समाज संवाददाता

हेटौँडाः मकवानपुर उद्योग वाणिज्य संघले आफ्नो सदस्य व्यवसायीको निधन भएपछि उनका परिवारलाई आर्थिक सहायता प्रदान गरेको छ। उद्योग वाणिज्य संघ व्यवसायी हितकोषद्वारा मनहरी निवासी स्वर्गीय नरेश साह सोनारको परिवारलाई २ लाख रुपैयाँ प्रदान गरिएको हो ।

स्वर्गीय सोनारले २०७१ साल असोज २४ गते उद्योग वाणिज्य (घरेलु) मा र २०७१ कार्तिक १६ गते मकवानपुर उद्योग वाणिज्य संघ हेटौँडामा 'खुश्बु प्लाष्टिक उद्योग' दर्ता गराई व्यवसाय सञ्चालन गर्दै आएका थिए । गत पुस २० गते सोनारको निधन भएको थियो ।

संघले सञ्चालन गरेको व्यवसायी हितकोषमा वार्षिक १ सय ८० रुपैयाँ जम्मा गरेबापत कुनै पनि सदस्य व्यवसायी (प्रोप्राइटर) को मृत्यु भएमा संघले निजको परिवारलाई २ लाख रुपैयाँ आर्थिक सहायता उपलब्ध गराउने व्यवस्था रहेको छ । सहयोग रकम मंगलबार मृतककी श्रीमती लक्ष्मीनिया कुमारी देवीलाई हस्तान्तरण गरिएको संघले जनाएको छ ।

# ट्रक र बस ठोक्किँदा १४ जना घाइते

समाज संवाददाता

हेटौँडाः मकवानपुरको मनहरी गाउँपालिका-९ अन्तर्गत पूर्व-पश्चिम राजमार्ग सडकखण्डमा ट्रक र यात्रुबाहक बस एकआपसमा ठोक्किँदा १४ जना घाइते भएका छन् । बिहीबार राति ११ बजेर ४० मिनेटको समयमा वीरगञ्जबाट चितवनतर्फ जाँदै गरेको बाप्र ०६-००१ ख ०४१५ नम्बरको चामल लोड ट्रक र काठमाडौंबाट झापातर्फ जाँदै गरेको प्र १-०१-००१ ख ४७६८ नम्बरको बस रजैया क्षेत्रमा ठोक्किएर दुर्घटना भएको प्रहरीले जनाएको छ ।

दुर्घटनामा २ जना मध्यम र १२ जना सामान्य गरी १४ जना घाइते भएका छन्। सबै घाइतेहरुको सिएमसी चुरेहिल अस्पताल हेटौँडामा उपचार भइरहेको छ । ट्रक चालक हेटौँडा-२, बनस्खण्डीका २३ वर्षीय समुद्रप्रसाद पौडेल, बस चालक झापा जिल्लाको शिवसतासी नगरपालिका-११, नहरचोक बस्ने ३५ वर्षीय खगेन्द्र काफ्ले र सहचालक मोरङ जिल्लाको हरिचामर नगरपालिका-४, संगमचोक बस्ने ४५ वर्षीय धर्के धिमाल घाइते भएका छन् ।

दुर्घटनामा काभ्रे जिल्लाको चौरीदेउराली गाउँपालिका-२, मगरटोलका ७९ वर्षीय, तेह्रथुम जिल्लाको आठराई नगरपालिका-४ की २१ वर्षीया उमा विष्ट, मोरङ जिल्लाको कानेपोखरी गाउँपालिका-१, भण्डारी टोलका ४२ वर्षीया निलम खड्का र झापा मेचीनगर नगरपालिका-१२, पाथिभरा चोकका ६० वर्षीय नीतिरमन गौतम घाइते भएका छन्। सुनसरी जिल्लाको दुहबी नगरपालिका-३, माझीटोलका २३ वर्षीय शालिकराम खड्का, रौतहट जिल्लाको भरतवाह नगरपालिका-६, बसन्तपट्टिका ५० वर्षीय राजपुकार शाह, ६१ वर्षीया देवी बिष्ट र झापा बिर्तामोड नगरपालिका-५, देवीबस्तीका ६६ वर्षीय टुकसान सुब्बा तथा ६३ वर्षीया रमा थापा घाइते भएका छन् । यस्तै, झापाकै बुद्धशान्ति नगरपालिका-३, डाँडागाउँका १७ वर्षीय मेजिक योङहाङ, बुद्धशान्ति नगरपालिका-४, नयाँबस्तीका ४८ वर्षीया बिन्दु गौतम र भारत सिक्किमका ४२ वर्षीय मम्म क्षेत्री घाइते भएका छन्।

# गणित हाजिरीजवाफमा बालजागृति प्रथम



हाजिरीजवाफ प्रतियोगितामा विजयी समूहलाई पुरस्कार वितरणपछि खिचिएको सामूहिक तस्वीर ।

समाज संवाददाता

हेटौँडाः जिल्लास्तरीय गणित हाजिरीजवाफ प्रतियोगितामा हेटौँडा-२ स्थित बालजागृति इङ्ग्लिस बोर्डिङ स्कूल प्रथम भएको छ। शुक्रबार गणित शिक्षा परिषद् जिल्ला कार्यसमिति मकवानपुरको आयोजनामा सम्पन्न प्रतियोगितामा बालजागृतिका सहर्स गौतम र आदित्य चौलागाईंको समूहले प्रथम स्थान हासिल गरेको हो ।

प्रतियोगितामा हेटौँडा-५ स्थित ज्ञानदीप शिक्षा (जीएस) निकेतन माधयमिक विद्यालयको समूह द्वितीय र तृतीय भएको हो । जीएस माविको आलिया थपलिया र एलेस घिमिरेको समूह द्वितीय भएको छ भने निवित पुडासैनी र सम्पन अधिकारीको समूह तृतीय भएको छ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने समूहले क्रमशः ४ हजार, ३ हजार र २ हजार रुपैयाँसहित ट्रफी, प्रमाणपत्र र स्टेशनरी सामग्री पुरस्कार प्राप्त गरेका छन् ।

प्रतियोगितामा विभिन्न संस्थागत र सामुदायिक गरी २१ वटा विद्यालयका ३० वटा टिमको सहभागिता रहेको थियो। प्रत्येक समूहमा कक्षा ९ र १० मा अध्ययनरत २ जना विद्यार्थीहरूको सहभागिता थियो ।

प्रतियोगिता दुई राउण्डमा सम्पन्न भएको थियो । सहभागी टिमहरुमध्ये पहिलो राउण्डमा उत्कृष्ट ८ वटा टिम छनोट गरी गरी दोस्रो राउण्ड खेलाइएको थियो । परिषदका सदस्य तथा अतिरिक्त क्रियाकलाप विभागका संयोजक विमल दाहालको संयोजकत्वमा प्रतियोगिता सम्पन्न भएको हो ।

गणित शिक्षा परिषद् मकवानपुरका अध्यक्ष विनोद सुवेदीको सभाध्यक्षतामा भएको कार्यक्रममा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख सुदिप गिरीको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा परिषदका बागमती प्रदेश सदस्य संगीता पुडासैनी र बालजागृति माविका प्रबन्ध निर्देशक मोहनप्रसाद शर्माको विशिष्ट आतिथ्य रहेको थियो । प्रतियोगिताले आगामी चैत १९ गतेबाट सुरु हुन गइरहेको एसईई परीक्षा दिने विद्यार्थीलाई सहयोग पुग्ने अध्यक्ष सुवेदीले बताउनुभयो ।

# छुट्टाछुट्टै घटनामा २ जिल्लामा ३ जनाको मृत्यु

समाज संवाददाता

हेटौँडाः बागमती प्रदेशको २ जिल्लामा छुट्टाछुट्टै घटनामा ३ जनाको मृत्यु भएको छ । प्रदेशको चितवन र काभ्रे जिल्लामा बिहीबार ३ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

काभ्रेको बनेपा नगरपालिका-६, अट्ठाइस किलोमा एक पुरुष आफ्नै कोठाभित्र मृत अवस्थामा फेला परेका छन्। मृत फेला पर्नेमा पाँचथर जिल्लाको तुङवेवा गाउँपालिका-५ घर भई बनेपा क्षेत्रमा लेबर काम गर्दै आएका ५० वर्षीय धनबहादुर सुब्बा रहेको प्रहरीले जानकारी दिएको छ ।

बिहीबार साँझ ६ बजेर २० मिनेटको समयमा सुब्बाले बिहानदेखि ढोका नखोलेको भन्दै घरधनीले प्रहरीलाई खबर गरेका थिए । त्यसपछि प्रहरी, घरधनी र स्थानीय जनप्रतिनिधिको रोहवरमा ढोका खोली हेर्दा उनी आफ्नै कोठामा ओछ्यानमा बायाँ कोल्टे अवस्थामा मृत फेला परेको प्रहरीले जनाएको छ ।

चितवनको रत्ननगर नगरपालिका-१४, पिठुवास्थित पशुपति पाइप फ्याक्ट्रीमा काम गर्ने क्रममा लडेर घाइते भएकी महिलाको उपचारका क्रममा मृत्यु भएको छ । मृत्यु हुनेमा मकवानपुरको थाहा नगरपालिका-४ घर भई हाल रत्ननगर-१४, पिठुवा बस्ने ४४ वर्षीया अनिता लामा रहेको प्रहरीले जानकारी दिएको छ।

सोमबार अपराह्न ४ बजेर ३० मिनेटको समयमा फ्याक्ट्रीमा काम गर्ने क्रममा लड्दा लामाको टाउकोमा गम्भीर चोट लागेको थियो । घाइते लामालाई उपचारका लागि नयाँ मेडिकल कलेज भरतपुर लगिएको थियो। उपचारको क्रममा अनिताको बिहीबार बिहान ८ बजेको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ । घटनाबारे प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

चितवनको राप्ती नगरपालिका-१० अन्तर्गत कालिका सामुदायिक वनमा घाँस काट्न गएकी एक महिलाको रुखबाट लडेर मृत्यु भएको छ। मृत्यु हुनेमा ६१ वर्षीया सिरोमाया प्रजा रहेको प्रहरीले जानकारी दिएको छ।

बिहीबार बिहान ९ बजेर ३० मिनेटको समयमा सिरोमाया सामुदायिक वन क्षेत्रमा रहेको सालको रुखमा चढेर घाँस काट्ने क्रममा लडेर गम्भीर घाइते भएकी थिइन्। उनलाई उपचारका लागि लैजाँदै गर्दा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ।


# शोक निमन्त्रणा



जन्म : २००९/०७/०७

स्व. याद प्रसाद शर्मा भट्टराई जैसी

स्वर्गारोहण : २०८२/११/०७

हाम्रा पुजनीय बुवा **याद प्रसाद शर्मा भट्टराई जैसी**को यही मिति २०८२/११/०७ गते भएको स्वर्गारोहण प्रति दुःख व्यक्त गर्दै सागरमा पाल्नु हुने, समवेदना प्रकट गर्नु हुने समस्त आफन्तजनहरु, ईष्टमित्रहरु, छरछिमेक, टोलबासीहरु तथा विचार ल्याउनु हुने समेत सम्पूर्ण महानुभावहरुप्रति हार्दिक आभार व्यक्त गर्दै **१३ औं दिनको पूण्यतिथि**मा श्रद्धान्जली अर्पण तथा पितृप्रसाद ग्रहण गर्नको निमित्त सादर निमन्त्रणा गर्दछौं ।

मिति : २०८२/११/१९ गते मंगलबार
समय : दिउसो २:00 बजे
स्थानः आफ्नै निवास, हेटौँडा-५, सिचाईटोल

प्रार्थी
श्रीमतीः कमला शर्मा भट्टराई
छोराहरूः सुरज शर्मा भट्टराई, निरज शर्मा भट्टराई
बुहारीहरूः सुमी शर्मा भट्टराई, बिना अधिकारी भट्टराई
छोरीः तारा शर्मा
नाती/नातिनीहरूः प्रत्यूष भट्टराई, सायरा भट्टराई, नीरव भट्टराई, खुशी सापकोटा, वैष्णोदिप सापकोटा

तथा समस्त परिवार
हेटौँडा-५, सिचाईटोल


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ